Samaj Anweshan Vol. 3, No. 2 : 18 Oct.2025-13 Apr. 2026
DOI: https://doi.org/10.3126/anweshan.v3i2.87523
Research Article
ISSN: 3021-9035 Print

# धर्मराज थापाको लोकलयमा आधारित गीतमा समाज र संस्कृति

**असफल गौतम**
ashafalnews@gmail.com

**लेखसार**

धर्मराज थापाका लोकलयमा आधारित गीतमा अभिव्यक्त समाज र संस्कृतिको निक्र्यौल गर्नु प्रस्तुत अनुसन्धानको मुख्य उद्देश्य रहेको छ। उद्देश्य प्राप्तिका लागि थापाका लोकलयका गीत अध्ययन क्षेत्र, गीतमा अभिव्यक्त समाज र संस्कृति समस्याका रूपमा आएका छन्। मानव आचरण, व्यवहार र क्रियाकलापबाट संस्कृतिको जन्म हुने भएकाले पूर्वजद्वारा समाजलाई व्यवस्थित बनाउन अपनाइएका विधिविधान हाम्रा संस्कृति हुन् । संस्कृतिलाई उजागर गर्ने प्रमुख माध्यम लोक भएकाले लोकको यथार्थ सुन्ने, सुनाउने, ग्रहण र अवलोकन गर्ने लोकसाहित्यका विधामध्येको लोकगीत क्षेत्रमा केन्द्रित प्रस्तुत जिज्ञासालाई समाज र संस्कृतिका विविध आयामका सापेक्षतामा निराकरण गरिएको छ। गुणात्मक अनुसन्धान ढाँचाको अध्ययनमा प्राथमिक र द्वितीयक स्रोत सामग्रीबाट प्राप्त तथ्यलाई सूक्ष्म अध्ययन गरिएको अनुसन्धानमा विश्लेषण विधिको उपयोग भएको छ। समाजमा प्रचलित मेलापात, कृषि, व्यापारव्यवसाय, पारिवारिक दिनचर्या–लगायतका रीति, चालचलन एवम् व्यवस्थाका समष्टिगत स्वरूपले समाजको वास्तविकतालाई दर्शाउँछन्। संस्कृति मानवजीवनलाई सुव्यवस्थित रूपमा सञ्चालन गर्ने विधि भएकाले संस्कृतिले साहित्य, कला, सङ्गीत, धर्म–दर्शनका साथै मानवजीवनका आनीबानी, आचारविचार, व्यवहार आदिका विषयलाई समेट्छ। थापाका लोकलयका गीतमा अभिव्यक्त समाज र संस्कृतिको विवेचनाका लागि नमुना सङ्कलन विधिबाट छनोट गरिएका गीतलाई अध्ययनको प्राथमिक स्रोत बनाइएको छ। पुस्तकालयबाट सङ्कलित पुस्तक, पत्रपत्रिका तथा फुटकर आलेखलाई द्वितीयक स्रोत सामग्रीका रूपमा उपयोग गरी गीतमा अभिव्यक्त विषयवस्तुप्रति समुदायले बनाएका धारणालाई समेत सूचकका रूपमा लिइएको छ। हाम्रा कार्य व्यवहारका साथै मौलिक संस्कृति ओझेलमा पर्दै परिष्कृत, परिमार्जित हुँदै गरेको अवस्थामा परम्परागत मूल्यमान्यतालाई जीवन्त राख्दै समाजमा विद्यमान सांस्कृतिक महत्त्वको जगेर्नाका लागि थापाका लोकलयका गीत सशक्त माध्यम बनेको आलेखको निष्कर्ष रहेको छ।

**शब्दकुञ्जी**

गेयात्मक, रागात्मक, लोकजीवन, लोकसंस्कृति, सौन्दर्यात्मक

## विषय प्रवेश

हिजोदेखि आजसम्म पुरानाबाट नयाँ पुस्तामा हस्तान्तरण हुँदै आएको मानवीय व्यवहार संस्कृति हो। मानिस सामाजिक प्राणी भएकाले ऊ समाजमा जन्मन्छ; समाजमा हुर्किन्छ। समाजबाट ज्ञान आर्जन गर्दै समाजमै जीवनलीला समापन हुन्छ। समाजबाट ज्ञान, सिप आर्जन गर्दै बेग्लै अस्तित्व कायम गराउँदै समाजको विकासक्रममा निर्मित भौतिक र आत्मिक मूल्यको उच्चतम स्वरूप नै संस्कृति हो। सांस्कृतिक परिबन्दमा मानव सभ्यताको

निर्माण मात्र हुँदैन। मानिसको जीवन सामाजिक रीतिरिवाज, चालचलन, रहनसहन, संस्कार र संस्कृतिबाटै परिचालित एवम् निर्देशित भएको पाइन्छ । संस्कृति युगौँयुगदेखि परिष्कृत र परिमार्जित हुँदै पुस्तान्तरण हुँदै विकसित हुने प्रक्रिया रहेकाले सामाजिक संरचनाबाट निर्माण भएर लोकव्यवहारमा प्रचलित हुन आइपुग्ने संस्कृतिको मुख्य जग समाजलाई मानिन्छ । त्यही समाजभित्र लोकसंस्कृति, लोककला, लोकसाहित्य, लोकसभ्यता, लोकगीत, लोकसङ्गीत रहन्छन्। लोकको चित्रण गर्ने विधा लोकगीत हो। यसमा लोकव्यवहारका भावनाहरू लयात्मक ढङ्गले प्रस्तुत गरिन्छ। लोकगीतमा लयात्मक शैलीमा प्रस्तुत गरिने भएकाले लोकमा सबैभन्दा बढी अनुकरणीय र गेयात्मक रहेको पाइन्छ। जीवनका विविध पक्षको सिलसिलेवार प्रस्तुति लोकगीतमा गरिएको पाइन्छ। २००३ सालमा गीतिकाव्य प्रकाशित गरेर लोकवाङ्मयका क्षेत्रमा लागेका धर्मराज थापा लोकसंस्कृतिका विद्यार्थी, अध्येता र अनुसन्धान–धाताका लागि प्रेरणाका स्रोत रहेकाले प्रस्तुत अनुसन्धान उनका लोकलयमा आधारित गीतमा अभिव्यक्त समाज र संस्कृतिको अध्ययनमा केन्द्रित छ।

## अध्ययनविधि

धर्मराज थापाको व्यक्तित्व र कृतित्वका विषयमा सामान्य चर्चा भए पनि उनका लोकलयमा आधारित गीतमा समाज र संस्कृतिको प्राज्ञिक अनुसन्धान भएको पाइँदैन। थापाका लोकलयका गीतमा समाज र संस्कृतिको चित्रण कसरी भएको छ भन्ने अनुसन्धानको प्रमुख समस्या रहेको छ। उक्त समस्यापूर्तिका लागि थापाका लोकलयका गीतमा अभिव्यक्त समाज र संस्कृतिको विश्लेषण अनुसन्धानको मुख्य उद्देश्य रहेको छ। अनुसन्धानलाई पूर्णता दिन सामग्री सङ्कलनमा पुस्तकालयलाई प्रमुख स्रोत मानिएको छ । लोकसाहित्यका सामग्रीको तथ्य सङ्कलनमा अध्ययनका विषय, क्षेत्र र आयामलाई हेरी अवलोकन र श्रव्यदृश्य विधिका माध्यमबाट पनि सामग्री सङ्कलन गरिएको छ। लोकसंस्कृतिका बहुआयाममा जीवन समर्पण गरेका थापाका गीतमा समाज र संस्कृतिको मात्र निरूपण गर्नु अनुसन्धानको सीमा रहेको छ । थापाका लोकलयका गीतको सङ्ख्या उल्लेख्य हुँदाहुँदै नमुना छनोट विधिबाट समाज र संस्कृति अभिव्यक्त भएका छओटा गीतलाई मात्र प्राथमिक स्रोतका रूपमा लिइएको छ। थापाका लोकभाकाका गीतमा समाज, संस्कृतिका साथै राष्ट्र र राष्ट्रियताको अभिव्यक्ति बलियो देखिन्छ । राष्ट्रियताका सन्दर्भ प्रचुर अभिव्यक्त भएका गीतलाई राष्ट्रियताकै विषयकेन्द्रित अध्ययनमा उपयोगी हुने देखिएकाले आधा दर्जन गीतको अध्ययनमा आलेखलाई केन्द्रित गर्नु अनुसन्धानको थप सीमा रहेको छ। अनुसन्धानमा उपयोगी लोकगीत तथा संस्कृतिसँग सम्बन्धित पूर्ववर्ती विद्वान्बाट भएगरेका उपलब्ध सैद्धान्तिक ग्रन्थ, समालोचनात्मक कृति, पुस्तक, पत्रपत्रिका र आलेखलाई द्वितीयक स्रोत सामग्रीका रूपमा लिइएको छ। प्राप्त सामग्रीको विश्लेषणमा धार्मिक तथा सांस्कृतिक महत्त्वलाई पनि आधार बनाइएको छ। लोकगीतको अध्ययनमा विषय, सिलसिला, प्रसङ्ग, अर्थ, परिवेश तथा लोकसंस्कृतिका सन्दर्भमा लोक, कुल, देश र शास्त्रका सैद्धान्तिक पर्याधारलाई मुख्य आधार बनाई थापाका लोकभाकाका गीतको अध्ययन गरिएको छ। अनुसन्धानको पूर्णतामा अध्ययन विधिको महत्त्वपूर्ण स्थान रहने भएकाले विश्लेषण विधिबाट निष्कर्ष निकालिएको अनुसन्धानमा एपिए विधि अवलम्बन गरिएको छ।

## सैद्धान्तिक पर्याधार

सरल र सहज भाषाशैलीका माध्यमबाट लोकको अनुभूति पुस्तान्तरण हुँदै जाने साहित्य लोकसाहित्य हो। लोकव्यवहारका विभिन्न पक्षलाई स्थान, परिवेश र पात्र विशेषका आधारमा बुझ्ने र ग्रहण गरिने भएकाले लोक–साहित्य आफैँमा मौलिक तथा अनुकरणीय हुन्छ। लोक–व्यवहारका विविध आयाम लोकसाहित्यका अमूल्य निधि हुन्। मानवीय पहिचान, धर्म, संस्कृति, प्रचलन, रीतिरिवाज आदि समेटेर लोकव्यवहारका भावनाहरू लयात्मक ढङ्गबाट प्रस्तुत गरिनु लोकगीत मानिन्छ। लोकगीत क्षेत्र र समुदायअनुसार छुट्टाछुट्टै प्रकृतिका हुन्छन् । जीवनका विविध पक्षको सिलसिलेवार प्रस्तुति रहने लोकगीत

लोकमा सबैभन्दा बढी अनुकरणीय, गेयात्मक र केही लोकगीत सदावहार रहेको पाइन्छ । लोकगीत नदीको प्रवाहजस्तै हुन्छ; जुन मूलतः ग्रामीण संस्कृतिको गर्भबाट निस्कन्छ; तर यसले ग्रामीण समाजलाई मात्र प्रभावित नगरी समग्र मानव सभ्यतालाई नै शीतलता दिने काम गर्छ (पराजुली, २०५७, पृ. ४३)। लोकगीत लोकजीवनको रागात्मक स्वतःस्फूर्त लयात्मक अभिव्यक्ति हो । यसमा लोकजीवनका दुःखसुख, आँसुहाँसो, आशानिराशाका साथै लोकको चालचलन, विधि व्यवहार, आस्था र मान्यताको चित्रण हुन्छ (बन्धु २०६६, पृ. ११५) । लोकगीत लोक–जीवनको सुसेली भएकाले सुखदुःख, चाडपर्व, मेलापातमा समेत गुञ्जने गरेको पाइन्छ । सो क्रममा जनजीवनका आवेग, संवेग र कुण्ठा एकल, दोहोरी, सामूहिक लोकगीतका रूपमा बालकदेखि वृद्धका मुखबाट प्रस्तुत हुन्छन् ।

## *पूर्वसाहित्यको अध्ययन*

विष्णुप्रसाद सापकोटाले धर्मराज थापाको जीवनी, व्यक्तित्व र कृतित्व (२०५४) शीर्षकमा स्नातकोत्तर तहको शोधपत्र तयार गरेका छन् । थापाको व्यक्तित्वका विविध आयाममा कवि, गीतकार, गायकका रूपमा चिनाउँदै कृतिको अध्ययन गरिएको शोध थापाको व्यक्तित्वको रेखाङ्कनमा उपयोगी देखिन्छ । दलबहादुर पौडेलले नेपाली लोक साहित्यको अन्वेषणमा धर्मराज थापाको योगदान (२०६९) शीर्षकमा स्नातकोत्तर तहको शोध पूरा गरेका छन् । पौडेलको शोध थापाले लोकसाहित्यको अन्वेषण गरी प्रकाशित गरेका कृतिको विवेचनामा केन्द्रित रहेकाले शोधले थापाका लोकगीतका अभिव्यक्त समाज र संस्कृतिलाई विषय बनाएको पाइँदैन ।

मोतीलाल पराजुलीले धर्मराज थापा व्यक्तित्वका 'विविध आयाम' शीर्षकमा डाँफेचरी (२०७५) पत्रिकामा लेख लेखेर थापालाई कवि, काव्यकार, लोकसंस्कृतिका अन्वेषक, निबन्धकार, भूमिका लेखक, नाटककार, सम्पादक, समाजसेवी व्यक्तित्वका रूपमा चिनाएका छन् । सो आलेखमा समेत उनका लोकगीतमा अभिव्यक्त समाज र संस्कृतिको चर्चा भएको छैन । जीवन अधिकारीले नौसिन्दाको जागिर निबन्ध कृतिमा आफूलाई ढाँट्ने आँट नभएका 'धर्मराज थापा' (२०७५) शीर्षकमा थापाको स्वभावबारे चर्चा गरेका छन् । उनले थापाका लागि ईश्वर नै चेतनापूर्ण कविता भएकाले झ्याउँकिरीले गाएजस्तो आफ्नोपनको खोजीमा यायावर बन्दै गीत गाइरहनु उनले कर्म भनेर थापाको गायकीबारे केही उल्लेख गरे तापनि गीतमा समाज र संस्कृतिको चित्रण कसरी भएको थियो भन्ने विषय समेटेको पाइँदैन ।

कुञ्जराज थापाको 'जनकवि केशरी धर्मराज थापासँग एकछिन' (२०७०) शीर्षकको लेखमा गाउँघर मा साउने सङ्क्रान्तिका दिनमा नै कृषि काममा दश कर्म पुऱ्याउने कृषक जातिका प्रमुख साधन झाले, माले, तारे गोरुहरूको सिङ र खुरमा तेल बेसार लगाएर विश्रान्ति दिइन्छ र राष्ट्रमा नयाँ आर्थिक वर्षको सुरुआत हुन्छ भनेर धर्मराज थापाको 'हो हो माले हो हो' गीतको अंशलाई उद्धरण गरी सामान्य टिप्पणी गरेका छन् । यद्यपि गीतमा व्यक्त समाज र संस्कृतिका विषयमा कुनै टिप्पणी पाइँदैन । उपर्युक्त पूर्वसाहित्यको अध्ययनबाट थापाको व्यक्तित्व र कृतित्वबारे चर्चा भएको पुष्टि हुन्छ । उनका लोकलयका गीतमा अभिव्यक्त समाज संस्कृतिका आधारमा कुनै अध्ययन नभएकाले त्यसको रिक्तता पूरा गर्न अनुसन्धान उपयोगी देखिन्छ । नमुना छनोट गरिएका गीतको विवेचना गरेर निष्कर्ष निकालिएकाले अनुसन्धानको औचित्य र महत्त्व थप स्पष्ट हुन्छ ।

## *तथ्यको विश्लेषण*

पिता हर्कबहादुर र माता मनमाया थापाको सन्तानका रूपमा १९८१ साउन १ गतेका दिन कास्की जिल्लाको बाटुलेचौरमा धर्मराज थापा (१९८१–२०७१) को जन्म भएको हो । पाँच वर्षमै मातृवियोगमा परेका थापाले सोही पीडालाई लोकगीतको माध्यम बनाउँदै अगाडि बढेको देखिन्छ । मध्यमा प्रथम श्रेणीमा उत्तीर्ण गरेपछि श्री ३ को गुठी बन्दोबस्तमा नौसिन्दाको जागिर सुरु गरेका थापाले २००२–२००८ सालसम्म गोरखापत्र, रेडियो नेपाल स्थापनाकालदेखि २०२६ सालसम्म रेडियो नेपालमा जागिरे जीवन बिताएको

पाइन्छ। थापाले २०२६ सालमा तत्कालीन नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानको सह–सदस्यसमेत रहेर वाङ्मयसेवा गरेको देखिन्छ । थापाले तिसको दशकदेखि आफूलाई नेपाली लोकसंस्कृति तथा लोकसाहित्यमा समर्पित गर्दै गायन, लेखन, अन्वेषण र अभिनयलगायतका क्षेत्रमा बिताएको अध्ययनबाट पुष्टि हुन्छ । नेपालका तत्कालीन ७५ जिल्लाका अलवा विभिन्न राष्ट्रको भ्रमण गरेका थापाका ३० बढी कृति प्रकाशित भएको पाइन्छ भने दर्जनौँ गीत रेकर्ड भएका देखिन्छन् । नेपाली वाङ्मयको श्रीवृद्धिमा मौलिक लेखक, कवि तथा गीतकारको छवि बनाएका थापाले २०१३ र २०३१ सालमा शुभराज्याभिषेक पदक, २०२५ सालमा इन्द्रराज्य लक्ष्मी पुरस्कार प्राप्त गरेको देखिन्छ। थापा लोकसाहित्य पुरस्कार, रत्नश्री स्वर्ण पदक, इमेज लाइफटाइम अवार्ड, साझा पुरस्कार, छिन्नतला पुरस्कार, पोखरेली नवरत्न सम्मानलगायतबाट सम्मानित भएको देखिन्छ। २०२५ सालमा 'मङ्गली कुसुम' काव्यका लागि मदन पुरस्कार प्राप्त गरेका थापा २०५७ सालमा जगदम्बाश्री पुरस्कारबाट समेत सम्मानित भएका छन् । नेपाली साहित्यमा उच्च महत्त्व बोकेका जगदम्बाश्री र मदन दुवै पुरस्कार पाउने दुर्लभ प्रतिभामध्ये थापा रहेका देखिन्छन्। थापाको योगदानको स्मरण गर्दै नेपाल सरकारले सन् २०१७ मा हुलाक टिकटसमेत प्रकाशित गरेको पाइन्छ। प्रस्तुत अनुसन्धान यिनै थापाका लोकलयका गीतमा अभिव्यक्त समाज र संस्कृतिको विश्लेषणमा केन्द्रित छ। बालकदेखि वृद्धसम्मका भावना र अनुभूति पोख्ने माध्यम रहेको लोकगीतले विविध विषयवस्तु समेटेको पाइन्छ। गीतको स्रोत त्यहीँको समाज र परिवेश भएकाले गीतमा सामाजिक रीतिरिवाज, चालचलन, वेशभूषा, नीतिनियम, संस्कार, संस्कृतिका विषय समेटिएका हुन्छन् । मानव जीवनमा आइपर्ने सुखदुःख, हर्षविस्मात्, आँसुहाँसो, मिलनबिछोड, प्रेमप्रणयजस्ता विषय लोकगीतका शब्दमा सजिएका हुन्छन् । आर्थिक विषमता, भ्रष्टाचार, शोषण, नारीका पीडा, प्रताडना र समाजका विसङ्गतिप्रतिको विद्रोहसमेतलाई थापाका लोकगीतले आफ्नो विषयवस्तु बनाएको पाइन्छ। थापाले मेचीमा गाइने सङ्गीनी, जुहारीदेखि खेती लगाउँदा र थन्क्याउँदा गाउने लोकगीत, नुनको भारी बोक्दा गाइने गीतदेखि लिएर महाकालीमा गाइने सावनी, गौरादेवी गीतसमेतको अन्वेषण, अनुसन्धान, सङ्कलन गरेको देखिन्छ। ती गीतमा गाउँले वेदनादेखि हर्ष मनाउँदासम्म सन्दर्भ अभिव्यक्त भएको पाइन्छ। थापाका गीत विभिन्न जातजातिका लोकपरम्परा र संस्कृति बुझ्न बृहत् ज्ञानराशिका रूपमा रहे तापनि अनुसन्धानमा थापाका लोकलयका गीतमा व्यक्त समाज र संस्कृतिको अध्ययनमा सीमित गरिएको छ। यस अध्ययनमा थापाका लोकलयका गीतमा अभिव्यक्त समाजमा विद्यमान सामाजिक परम्परा, मूल्यमान्यता, मायाप्रेम, कृषि जीवन, परदेशी जीवन, नारी विरह, वेदना र विद्रोहको अध्ययन गरिएको छ। थापाका लोकलयका गीतमा अन्तरनिहित संस्कृतिको अध्ययन सन्दर्भमा वैदिक श्रमसंस्कृति, सनातन पौराणिक र धार्मिक संस्कृति, क्षेत्रीय संस्कृतिलगायतका विविध आयाममा केन्द्रित छ; जसको साक्ष्यका रूपमा प्रस्तुत गीतलाई लिन सकिन्छ–

*हाऽऽऽ हाऽऽऽ हैऽऽऽऽ हऽऽऽ हऽऽऽ*
*'हरियो डाँडामाथि हलो जोत्ने साथी'*
*हो हो माले हो हाऽऽऽऽऽऽऽऽऽ*
*हो हो तारे हो हो ऽऽऽऽऽऽऽऽऽ*[२]
*ह, ह, ह, ह, हा, हाऽऽऽऽऽऽऽऽऽऽरा*
*चाम्रो माटो माथि बाल्दै मनको बाती*
*डल्ला फर्काइ फर्काइ, ढाड मर्काइ मर्काइ ।*
*हो हो झुले हो हाऽऽऽऽऽऽऽऽऽ*
*हो हो झुले हो हाऽऽऽऽऽऽऽऽऽ*
*हरियो डाँडामाथि हलो जोत्ने साथी*[२]

प्रस्तुत गीतमा हाम्रो श्रम संस्कृतिलाई देखाइएको छ। माटाका विविध प्रकारमध्येको चाम्रो माटोमा काम गर्न गाह्रो हुने सन्दर्भ गीतमा अभिव्यक्त छ। जस्तो बाध्यता भए तापनि नेपालीद्वारा आफ्नो मनलाई बाती बनाएर डल्ला फर्काउँदै, ढाड मर्काउँदै कृषि काम गरिएको सन्दर्भ गीतमा आएको छ । गीतले खेतीकिसानीका लागि खेत जोत्न पालेका गोरुलाई नामकरण गर्ने सन्दर्भलाई पनि देखाएको छ। गीतमा गोरुलाई झुले र किसानी दाइलाई साथी मानिएको

देखिन्छ। यसरी श्रमप्रतिको सम्मान, कर्मप्रतिको सद्भाव, पशुप्रतिको स्नेहपूर्ण व्यवहार अभिव्यक्त भएको गीतमा भनिएको छ–

*पछ, पछ, पछ, पछ पछ, पछ,*
*पछ, पछ हऽऽऽऽऽऽऽऽ*
*अनौ हलो समाऊ बाँफो खान्छ कमाई*
*हिउँद वर्षा भरी जोत्छ यसै गरी,*
*हो हो तिखे हो हाऽऽऽऽऽऽऽऽ*
*हो हो तारे हो हो ऽऽऽऽऽऽऽऽऽ*
*हरियो डाँडामाथि हलो जोत्ने साथी*[२]

खेती किसानीका क्रममा हलगोरु दौड्दा रोक्नका लागि पछ् पछ् भन्ने मौलिक परम्परा थियो, जुन परम्परा हिजोआज हराउन थालेको देखिन्छ। गीतमा वर्तमानमा हराउँदै गएका अनौ, हलोको चर्चा गरिएको छ। पछिल्लो समय खेत जोत्न प्रविधिको प्रयोगले यस्ता परम्परागत पद्धति र प्रणाली हराउँदै गइरहेका सन्दर्भमा गीतले हाम्रो हिजोको कृषि पद्धतिलाई देखाएको पाइन्छ। यस्तै हिउँद, वर्षा केही नभनेर किसानले खेती गर्ने, किसानलाई सहयोग गर्ने उनका सारथि तीखे, तारे, माले नाम गरिएका गोरुले जोत्ने परम्परालाई यस साक्ष्यमा देखाइएको छ।

पछिल्लो समय गाउँ समाजमा खेतीपाती र कृषि काम गर्ने परम्परा कम भइरहेको छ। त्यसैले कृषकको कामप्रतिको सम्मान भाव व्यक्त भएको गीतको साक्ष्य यसप्रकार छ–

*हो हो माले हो होऽऽऽऽऽऽऽऽऽ*
*हो हो तारे हो हो ऽऽऽऽऽऽऽऽऽ*[२]
*यतिका दिन गयो बसेर के भए*
*काम गर्ने दिन सबै भाइ हिंड,*
*हो हो माले हो होऽऽऽऽऽऽऽऽऽ*
*हो हो तारे हो हो ऽऽऽऽऽऽऽऽऽ*[२]

बसेर खाएर मात्र केही हुँदैन। यतिका दिन बस्दा पनि कुनै प्राप्ति भएन त्यसैले उपलब्धि प्राप्तिका लागि काम र कर्म गर्नुपर्छ। आज काम गर्ने दिन भएकाले गाउँसमाजमा भएका सबै भाइलाई आफ्नो कर्ममा लाग्न आह्वान गरेको गीतले एकातर्फ सामाजिक मेलमिलापलाई, अर्कातर्फ श्रमसंस्कृतिलाई उजागर गरेको छ। गीतले श्रमप्रतिको सम्मान देखाएको छ। यस्तै श्रम संस्कृति तथा बहुभाषी समाज अभिव्यक्त भएको गीतलाई यहाँ साक्ष्यका रूपमा लिन सकिन्छ–

*साइली रिमै*[२] *'चौरी गाई झर्‍यो रिमै मधु वनैमा'*[२]
*उकालीमा जाँदा–जाँदै दाहिने पर्‍यो बर*[२]
*वनमा एक्लै गाई चलाउने 'कहाँ हो तिम्रो घर ?'*[२]
*साइली रिमै*[२] *'चौरी गाई झर्‍यो रिमै मधु वनैमा'*[२]

प्रस्तुत गीतमा नेपाली बहुभाषी समाजलाई देखाइएको छ। गीतमा प्रयोग भएको 'साइली रिमै' शब्दले देशको सांस्कृतिक विविधतालाई देखाएको पाइन्छ। यस्तै चौरी गाई मधु वनमा झरेका कुराले हाम्रो पौराणिक मिथक गीतमा आएको पाइन्छ। उकालीमा दाहिने बर परेको सन्दर्भले हाम्रो धार्मिक मूल्य तथा मान्यता अभिव्यक्त भएको देखाउँछ। थापाका गीतमध्ये हाम्रो सांस्कृतिक पहिचान झल्कने गीतको साक्ष्यका रूपमा प्रस्तुत अन्तरा आएको छ–

*वल्लो गोलो, पल्लो गोलो कमिलाको गोलो*
*बाह्रमासे फूलको सारी मखमली चोलो।*

यहाँ कमिलाको गोलाको एकतालाई देखाएर नेपाली समाजमा एकताको सन्देश दिन खोजिएको छ। बहुभाषी, बहुजाति, बहुसांस्कृतिक विविधता भएको नेपालमा प्रचलनमा रहेको मखमली चोलोको सन्दर्भले हाम्रो मौलिक पहिरनलाई चित्रण गरेको छ। विभिन्न मौसममा फुल्ने फूलमध्ये बाह्रमासे फूलको चर्चाले सामाजिक यथार्थता जस्ताको तस्तै अभिव्यक्त भएको देखिन्छ। हाम्रो समाज सांस्कृतिक विविधताले धनी रहेको साक्ष्य प्रस्तुत गीतलाई लिन सकिन्छ–

*आज मादल बजेको किन,*
*गाउँघर दुनियाँ बिऊँझाउन*
*सानो–सानो रानी चरी लेकैबाट झर्‍यो*
*वल्ला गाउँको नौलो भाका पल्ला गाउँमा सर्‍यो*
*परदेशीले खोला तर्‍यो रुँदै दोभानीमा*
*बैँस चढ्यो लालुपाते फूलको जवानीमा*

*आज मादल बजेको किन,*
*गाउँघर दुनियाँ बिउँझाउन*

गाउँसमाजमा मादल बज्नु भनेको गाउँघर दुनियाँ बिउँझाउनु पनि हो । मादलले हाम्रा मौलिक संस्कार संस्कृतिलाई मात्र उजागर गरेको छैन । मादलको रन्को चल्दाचल्दै लालुपाते जवानीमा बैँस चढ्दै गर्दा लाहुरेले रुँदैरुँदै दोभान तर्नुपर्ने बाध्यता पनि गीतमा व्यक्त भएको पाइन्छ । नेपालीहरू आर्थिक समृद्धिभन्दा पनि गास, बासपूर्तिका लागि घरदेश छोड्न बाध्य भएको साक्ष्यका रूपमा प्रस्तुत गीतलाई लिन सकिन्छ–

*रातो सेतो गुरौंदी त लेकैमाथि फुल्यो*
*सात रंगी इन्द्रेणीको नयाँ बाटो खुल्यो*
*घाम गए पर परै छाया खसालेर*
*माया फर्क्यो वर वरै प्रिति अङ्गालेर*
*पात झर्‍यो फूल छैन गोलैँचीको रुख*
*मुस्कान मर्‍यो आँसु छैन अँधेरै छ मुख*
*खन्याएर सकिँदैन हृदयको रस*
*मेरो राजै यो देशको माया गरी बस ।*

गीतमा जहाँ गए पनि आफ्नो दुःख आफैँसँग हुने भएकाले यो देशको माया गरेर बस भनिएको छ। यहींको घामछायाँमा रमाऊँ किनभने पात झरेर गोलैँचीको रुख शून्य भएजस्तो भएको छ जीवन। मुस्कान मर्दा अनुहार अँध्यारै भएको छ । त्यसैले हृदयको रस आफ्नै धरामा खसाएर रमाएर बाँच्नका लागि गीतमा आवाहन गरिएको छ। गीतमा राष्ट्र, राष्ट्रियता र सामाजिक एकताको भाव पनि पाइन्छ। हिजो आज नेपाल आमा रोइरहेकाले आमालाई नरुन आवाहन गरिएको गीत यस प्रकार छ–

*धुरुधुरु नरोऊ आमा, तिम्रो आँसु पुछेर छाडौँला*
*हृदयका तिम्रा फूल भाइ–बहिनीलाई*
*काख राखी आज खेल्छौं जिन्दगी फुलाई*
*नेपालको संसारमा शान राखी छोड्छौँ*
*झलमल बत्ती बाली अन्धकार फाल्छौँ ।*
*धुरुधुरु नरोऊ आमा, तिम्रो आँसु पुछेर छाडौँला।*

नेपाल र नेपालीले विश्वमा आफ्नो प्रतिभा देखाएर, पौरखले विश्वलाई सिँञ्चदा नेपालीको गौरव देखेर विश्व आश्चर्यमा परेको छ। यसैले नेपालको संसारमा सान राखेर छोड्दा यता नेपाल आमा धुरुधुरु रोएकी छन्। आमाका आँसु पुछ्न सकियो भने बल्ल मान राखेको अर्थ हुन्छ। हृदयका फूलजस्ता भाइबहिनीले तिम्रो बाटो हेरिरहेका छन्। तिम्रै गीत गाउँदै हाँसीहाँसी मर्न तयार छन् भन्ने साक्ष्यका रूपमा प्रस्तुत गीतलाई लिन सकिन्छ—

*तिम्रो गीत गाई गाई हाँसी हाँसी मर्छु*
*यो पहरे छाती खोली फाँसी पनि चढ्छौँ*
*झर्ने फूल यो जीवन बलि चढाइदिन्छौँ*
*अशिक्षाको बाँध फोरी बाटो खुलाइदिन्छौँ*
*धुरुधुरु नरोऊ आमा, तिम्रो आँसु पुछेर छाडौँला।*

गीतमा देशले चाहेको बेला छाती खोलेर हाँसीहाँसी मर्न तयार हुने नेपालीको वीरता र शूरताको चित्रणले नेपाली समाजको, नेपालको राष्ट्रियताको र विश्वसामु कहिल्यै नझुक्ने स्वाभिमानी नेपालीको पहिचान दिलाएको पाइन्छ। हिजोका दिनमा हाम्रो समाजमा व्याप्त रहेको यथार्थलाई आज सम्झदा मन त्यसै भावविह्वल हुने गरेको गीतको साक्ष्य यसप्रकार रहेको छ–

*हरियो भन्नु नि कान्छी त्यो रानी वन*
*पहेँलो भन्नु सुन्खानी सुन मेरो निर्माया*
*जुनली रात्मा नी कान्छी बिउँझेर हेर्दा*
*कुटुक्क नै मन् खानी सुन मेरो निर्माया*

हिजो आज जुनेली रात जुनेली हुन सकेको छैन। हरियो रानीवन पनि रानीवन जस्तो छैन। पहेलो सुनखानी पनि सुनखानीजस्तो छैन । समाजमा व्याप्त असङ्गत गतिविधिका कारण मन खाइरहेको छ। सत्य जुगका यथार्थ आज सपनाजस्ता भएका सन्दर्भ व्यक्त भएको गीतको साक्ष्य यसप्रकार छ–

*सत्य र जुग्को झुलो र चक्चक कलिको सलाई*
*जसरी जान्छ वनको पहिरो उस्तै छ मलाई*
*हिमाल् चुली नि कान्छी त्यो पल्लापटि*
*डढेलो लाग्छ वन धुँवाई सुन मेरो निर्माया*
*उर्लन्छ नदी कान्छी चिरिन्छ छाती*
*कति बेल् बस्नु मन् रुवाइ सुन मेरो निर्माया ।*

हिजोआज जसरी वनको पहिरो जान्छ; उस्तै गरेर

मनको पहिरो जान थालेको छ। हिमालचुलीमा डर लाग्दा डढेला लाग्न थालेका छन् । जसले एकातर्फ अतिवृष्टि, अनावृष्टिको डर छ अर्कातर्फ समाजमा आतङ्क, डर र त्रास फैलिएको छ। छाती चिरिएको छ। वस्तीमा डढेलो सल्केर उठिबास पार्ने हो कि भन्ने चिन्ताले आक्रान्त पारेको छ। यहाँ डढेलोलाई बिम्ब बनाएर नेपाली समाजमा व्याप्त हुँदै गएको डढेलोरूपी विकारलाई देखाउन खोजिएको छ।

मानव दिनचर्या सधैँ एकैनासले चल्दैन । कहिलेकाहीँ विविध परिबन्धले दिनचर्यामै अनेक उल्झन आउन सक्छन्। दैनिक कामकै सन्दर्भमा ज्यानले सञ्चो नभएको महसुस गरे पनि मनमा ऊर्जा आइरहन सक्छ। मन बिरामी नहुन सक्छ भन्ने साक्ष्यका रूपमा प्रस्तुत गीतलाई लिन सकिन्छ–

*आज मलाई सञ्चो छैन,*
*हाऽऽऽ सञ्चो छैन,*
*लौरो टेकी आए, लौरो टेकी आए,*
*धन्नै हो मनको तिर्सना,*
*धन्नै हाऽऽऽ मनको तिर्सना ।*

गीतमा शरीर सन्चो नभएको सन्दर्भ छ । गीतमा शरीरलाई सन्चो नभए पनि मनलाई सन्चो हुन सक्छ; मनको तिर्सना अनौठो हुन्छ भनेर देखाउन खोजिएको छ। मनको तिर्सनाले मात्र काम पूरा हुँदैन, त्यसलाई साकार पार्ने सहयोगी गाउँसमाजमा अशक्त र वयोवृद्धहरूलाई ओहोरदोहोरको सारथि लौरो आएको देखिन्छ। गीतमा अभिव्यक्त लौरो टेकेर आएको सन्दर्भले हाम्रो ग्रामीण समाजलाई जस्ताको तस्तै देखाएको छ। आफ्नो शरीर र आफ्नै मन देखेर आफैँ आश्चर्यमा परेको सन्दर्भसँगै मनलाई आश्चर्यमा पार्ने माध्यम गोलेनी नानीको बोली भएको दृष्टान्तलाई गीतको अन्तराले यसरी व्यक्त गरेको छ–

*गाऽऽऽलेनी नानीको, कोइलीको बोली सकिन मैले बिर्सन, हाऽऽऽ सकिन मैले बिर्सन,*
*धन्नै हो मनको तिर्सना, धन्नै हो मनको तिर्सना ।*

स्रष्टा साधकलाई सृजना यात्रामा गोलेनी नानी मात्र होइनन्। ग्रामीण जनजीवनमा कोइलीको बोली मात्र होइनन्, गोलेनी नानीका बोली पनि कोइलीकै जस्तो लाग्ने सन्दर्भ गीतमा आएको छ । गीतमा गोलेनीका मुखबाट निस्कने बोली कोइलीको जस्तो भनेर गोलेनीको आवाजलाई कोइलीको उपमा दिइएको दृष्टान्त आएको छ। गोलेनीको बोलीमा आनन्दानुभूति गर्नेहरूले बोली बिर्सन नसकेर बोली सुन्न जुर्मुराएको मनलाई लौरीले सहायता पुऱ्याएको ग्रामीण समाजलाई तथा गाउँमा सुमधुर स्वरमा बोल्ने गोलेनीको संस्कारलाई गीतमा देखाइएको छ।

यसरी थापाका गीतमा नेपाली समाजको श्रमसंस्कृति झल्कने कृषि पेसासँग जोडेर सामाजिक सन्दर्भ केलाउन सकिन्छ। असारसाउनमा बालीनाली र खेतीपाती लगाउने कर्मलाई देखाएको रोपाइँ गीतदेखि विविध धार्मिक संस्कार, संस्कृति, पौराणिक मौलिक संस्कृतिलाई उनका गीतले विषय बनाएका छन् । नेपाली समाजका क्षेत्रीय संस्कृति, श्रमसंस्कृति, सनातन संस्कृतिको अभिव्यक्ति गीतमा पाइन्छ। बहुजातीय र बहुसांस्कृतिक भूमि नेपालका विभिन्न जातजातिका परम्परा, रीतिरिवाज र चालचलनको झलक देखिन्छ । परम्परागत मूल्यमान्यता र संस्कार, संस्कृतिको चित्रण थापाका गीतले गरेका छन्।

## *निष्कर्ष*

लोकलयका गीत हाम्रो सांस्कृतिक पहिचान भएकाले यसले हाम्रो समाजको विविधतालाई एकताबद्ध गरेको छ। लोकलयका गीत हिजोदेखि आजसम्म गाउँगाउँमा जीवन्त रहेका पाइन्छन् । आधुनिकताको रापतापले मौलिकतामा आउन सक्ने परिवर्तनलाई संरक्षण गर्नु स्थानीय जनसमुदाय, सरोकारवाला र राज्यसमेतको दायित्व हो। किनकि हाम्रो सांस्कृतिक विरासतलाई जोगाउनु भनेको हाम्रो इतिहास र परम्पराबारे भोलिका पुस्तालाई सूचित गराउनु पनि हो। नेपाली लोकगीत मनोरञ्जनको साधन मात्र नभएर सिङ्गो नेपाल–नेपालीको सामूहिक स्मृति, भावना र समर्पणको सम्पत्ति हो। यसले जातीय आवाज, सामुदायिक आवाज, सांस्कृतिक आवाजलाई संरक्षण गर्छ। यसको अध्ययनले नेपाली समाजको बहुआयामिक पहिचानलाई जोगाउन टेवा पुग्छ। लोकगीत, लोकसंस्कृति सिङ्गो लोकको धुन र लोकको धुकधुकी भएकाले त्यसका सर्जक, सङ्कलक, गायक, नायक राष्ट्रका गौरव तथा गरिमा बनेका छन्,

जसमध्येका एउटा नायक धर्मराज थापा हुन्। यस्ता बहुमूल्य गहनाको संरक्षण र आवश्यकता बमोजिमको शृङ्गारमा हामी सबैको दायित्व हुन आउँछ । थापालाई लोकगीत, सङ्गीत, संस्कृति, लोकगाथा, लोककथा, लोकनाटक क्षेत्रका प्रतिभाशाली अन्वेषकका रूपमा चिनिन्छ। थापाले नेपाली जनजीवन र संस्कृतिको गहिरो प्रभाव रहेको नेपाली लोकवाङ्मयको अन्वेषण, सङ्कलन र सम्पादनमै जीवन समर्पण गरेका छन् । राष्ट्र र राष्ट्रियतासँग जोडिएको लोकसाहित्य तथा संस्कृतिको जगेर्ना आवश्यक थियो, जुन काम थापाले गरेका छन् । लोकसंस्कृति संरक्षणमा लोकसाहित्यको भूमिका हुने मनन गरी नेपाली लोकगीतमा थापाले दिएको योगदान गहकिलो छ। एउटै व्यक्तिबाट यति धेरै योगदान हुनुले उनी नेपाली लोकसाहित्यका अथक योद्धा भएको पुष्टि हुन्छ। थापा लोकसाहित्यको अध्ययन, अनुसन्धान, सङ्कलन र त्यसको प्रचारप्रसारका बलिया स्तम्भ देखिन्छन् । नेपाली लोकसाहित्य र लोकसंस्कृति रहँदासम्म धर्मराज थापाको नाम अजर, अमर र कालजयी भएर सुनौला अक्षरले लेखिने प्रस्तुत अध्ययनबाट पुष्टि हुन्छ।

## *सन्दर्भ सामग्रीसूची*


अधिकारी, जीवन (२०७८). 'आफूलाई ढाँट्ने आँट नभएका धर्मराज थापा'. *नौसिन्दाको जागिर.* जनकविकेशरी धर्मराज–सावित्री थापा प्रतिष्ठान।

थापा, कुञ्जराज (२०७०). 'धर्मराज थापासँग एकछिन'. *सेतीको लहर.* (अङ्क– ५). शुक्ला साहित्य समिति

थापा, धर्मराज (२०७८). *नौसिन्दाको जागिर.* जनकविकेशरी धर्मराज–सावित्री थापा प्रतिष्ठान।

थापा, धर्मराज (सन् १९५३). *कोशेली.* रविन्द्रनाथ मित्र।

थापा, धर्मराज (२०१४). *वन–चरो.* काठमाडौँ : रत्न पुस्तक भण्डार।

थापा, धर्मराज (२०१४). *पहाडी सङ्गीत.* (दो.सं.). काठमाडौँ : रत्न पुस्तक भण्डार।

थापा, धर्मराज (२०२०). *हाम्रो लोकगीत.* सिंहदरबार : रेडियो नेपाल।

पन्त, कालीभक्त (२०७८). *हाम्रो सांस्कृतिक इतिहास.* (तेस्रो संस्करण). कालीभक्त–कृष्णा पन्त स्मृति प्रतिष्ठान।

पराजुली, कृष्णप्रसाद.(२०५७). *नेपाली लोकगीतको आलोक.* वाणी प्रकाशन।

पराजुली, मोतीलाल (२०७५). 'धर्मराज थापा व्यक्तित्वका विविध आयाम'. *डाँफेचरी.* जनकविकेशरी धर्मराज–सावित्री थापा प्रतिष्ठान।

पौडेल दलबहादुर (२०६९). 'नेपाली लोक साहित्यको अन्वेषणमा धर्मराज थापाको योगदान.' अप्रकाशित स्नातकोत्तर शोधपत्र. त्रिभुवन विश्वविद्यालय।

बन्धु, चूडामणि. (२०६६). *नेपाली लोकसाहित्य.* (दो.सं.). काठमाडौँ : एकता बुक्स।

सापकोटा, विष्णुप्रसाद (२०५४). 'धर्मराज थापाको जीवनी, व्यक्तित्व र कृतित्व.' अप्रकाशित स्नातकोत्तर शोधपत्र. त्रिभुवन विश्वविद्यालय।